बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

### (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ६ अंक २५ मिति : पौष १८ गते २०७९

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## भाग -१

# बुद्धभूममि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०९।२५ गते

**प्रस्तावना:**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ (४) मा भएको व्यवस्था र धारा २२६, बुद्धभूमि नगरपालिकाको १२ औं नगर सभाले यो ऐन निर्माण निर्माण गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम " **खानेपानी तथा सरसफाई ऐन, २०७९**" रहेको छ।

(२) यो ऐन बुद्धभूमि नगरपालिककाको स्थानिय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अनुमतिपत्र” भन्नाले ऐनको दफा ८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ।

(ख) “अनुमतिपत्र प्राप्त संस्था” भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने दफा............. वमोजिमको संस्था सम्झनु पर्दछ।

(ग) “आयोजना” भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ।

(घ) “उपभोक्ता”भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ।

(ङ) “उपभोक्ता संस्था” भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ।

(च) "खानेपानी उपभोक्ता समिति" भन्नाले खानेपानी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ ।

(ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ड) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पछन र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ढ) "फोहोर पानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत

जनाउँछ।

(ण) "संगठित संस्था" भन्नाले खानेपानी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी सेवा प्रदान गने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ।

(त) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(थ) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ।

(द) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ।

(ध) "जलस्रोत समिति" भन्नाले वास कार्यदलको संयोजक अध्यक्ष रहने गरी तोकिएको बमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

## परिच्छेद २
## खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी व्यवस्था

३. **खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार:** (१) यस नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनेछ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत नगरपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र

कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

४. **खानेपानीको स्रोतमा अधिकार:** (१) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकतामा दिईनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र अन्य जलस्रोतको उपयोगसँग सम्बन्धित प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(४) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(५) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्धारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(६) नेपाल सरकार वा प्रदेश सरकारले नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व नगरपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ ।

५. **पानीको स्रोत तथा मुहानको संरक्षण:** (१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, सम्वर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक

वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा वहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गर्ने,

(छ) पानीको स्रोत प्रदूषण हुन नदिन खेतीपातीमा रासायनिक मल प्रयोग गर्दा पानीको स्रोतका ख्याल गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि नगरपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

(स्पष्टीकरण: सम्बन्धित पक्ष भन्नाले लाभान्वीत संस्था वा समुदाय, उपभोक्ता समिति, मुहान बिद्यमान रहेको समुदाय, अन्य निकायलाई बुझाउनेछ ।)

६. **खानेपानीको पहुँच पुगेको मानिने:** (१) देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

(क) धारा सम्म पुग्न पार गर्नु पर्ने तेस्रो र ठाडो दुरी क्रमश: १५० मिटर र ५० मिटर भन्दा बढी नहुने वा सबै परिवारहरु १५ मिनेट सम्मको आतेजाते दुरी भित्र पानी ल्याउन सक्षम हुनु पर्ने ।

(ख) सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच भएको हुनुपर्ने ।

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई नगरपालिकाले एक घर एक धारा प्रणालीलाई अवलम्बन गर्दै जानेछ र खानेपानी सेवाको सुनिश्चिता गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खानेपानी समबन्धि राष्ट्रिय मापदण्डको अधिन रहि नगरपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

७. **सुरक्षित खानेपानी युक्त समुदाय घोषणा:** (१) देहायको समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको

(ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने इ–कोली र आर्सेनिक र फ्लोरिन जस्ता

रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (इनार, कुवा, खोला, ट्यूबवेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी गुणस्तर युक्त पानी उपभोग गर्ने गरेको

(२) सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले मापदण्ड, कार्यबिधि तथा अनुगमन निर्देशिका बनाई कायान्वयन गर्न सक्नेछ।

## परिच्छेद ३

## संस्थागत संरचना र काम कर्तव्य अधिकार

**८. नगर स्तरीय खानेपानी तथस सरसफाइ समन्वय समिति :** (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी तथा सरसफाइ समन्वय समिति रहनेछ,

(क) नगरपालिका प्रमुख –अध्यक्ष

(ख) नगरपालिकामा खानेपानी तथा सरसफाइ हेर्ने सदस्य र एक जना महिला सदस्य –सदस्य

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि (नगरभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल भएमा) –सदस्य

(घ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि –सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि –सदस्य

(च) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा वा इकाई प्रमुख –सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगरपालिका प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ।

(४) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**९. नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको काम कर्तव्य अधिकार:** नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन् ।

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकल संशोधन लागि सुझाव पेश गर्ने,

(ग) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने गर्ने,

(घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय र गरी वास योजनाको कार्यान्वयमा योगदान गर्ने,

(ङ) खानेपानी तथा सरसफाइका समबन्धमा प्रभावकारी योजना निर्माण, कार्यन्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(च) खानेपानी तथा सरसफाइका समबन्धमा निर्णय प्रकृयामा सहजताको लागि नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित नगरपालिका स्तरीय सूचना प्रणाली स्थापना गर्ने,

(छ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**१०. वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति:** (१) नगरपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडा समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन् ।

(३) वडा सचिबले समितिको सदस्य सचिबको रुपमा काम गर्नेछन् ।

(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. नगरपालिका खानेपानी तथा सरसफाइ ईकाइको व्यवस्था:** (१) नगरपालिकामा

खानेपानी तथा सरसफाइ समन्वय समितिका निर्णयहरु कार्यान्वयन गर्ने इकाईको रुपमा काम गर्ने गरी एक इकाई स्थापना रहनेछ ।

(२) नगरकार्यपालिकाको कार्यालयले एकजना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको खानेपानी तथा सरसफाइ इकाई गठन गरी कार्य गर्न सक्नेछ ।

**१२. नगरपालिका खानेपानी तथा सरसफाइ ईकाइको भूमिका तथा जिम्मेवारी:** नगरपालिका नगरपालिका खानेपानी तथा सरसफाइ ईकाइको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी तथा सरसफाइ कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु, स्वयंसेवकहरु, वाल क्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) नगरपालिकाको खानेपानी तथा सरसफाइ सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलव्ध गराउने,

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, नगरकार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न नगर कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ञ) खानेपानी तथा सरसफाइ समन्वय समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

**१३. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गर्न सक्ने:** (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन भएमा उपभोक्ता संस्थाको विधान सहित उपभोक्ता संस्था दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाईको सिफारिसमा प्रमुख प्रशाकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

तर खानेपानीको स्रोतमा पानी प्रयाप्त भएमा (जस्तै खोला, खोल्सा आदि) दर्ता भै सकेको वा पहिले देखि नै संचालित खानेपानी योजनालाई असर नगर्ने गरी र सहमतिमा नयाँ खानेपानी योजनाको लागि सोही खानेपानीको स्रोत प्रयोग गर्न बाधा पर्ने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/ समूह/समितिहरु यो ऐन लागु भएपश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ । तर यस प्रयोजनका

लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन।

(७) नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभीत्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

**१४. उपभोक्ता संस्थाको कार्यसमिति :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमतिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा दुई कार्यकालमात्र काम गर्न पाउने छ।

**१५. उपभोक्ता संस्थाको विधान :** (१) उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता नहरने आदि)

(घ) अधिवेशन र वार्षिक साधारण सभा तथा अधिवेशन र साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, आर्थिक स्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

(२) यस ऐनमा अन्यत्र जुन सुकै व्यवस्था भएको भएता पनि खानेपानि तथा सरसफाइ समितिको कार्यकाल ३ बर्षको हुनेछ र एकै व्यक्ति लगातार २ पटक भन्दा बढि

अध्यक्षको पदमा निर्वाचित हुने सक्ने छैन।

## परिच्छेद ४
## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था

**१६. खानेपानी प्रणालीहरुको वर्गीकरण:**(१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ।

(क) सामुदायिक खानेपानी प्रणाली
(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)
(ग) मुल संरक्षण खानेपानी योजना

(२) नगरपालिकाले सम्भव भए सम्म व्यक्तिगत खानेपानी प्रणालीलाई प्रवर्द्धन गर्नेछ।

**१७. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने :** यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ।

**१८. गुणस्तर मापदण्ड तोक्न सक्ने :** (१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ।

**१९. खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था:** नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि खानेपानि तथा सरसफाइ इकाईको मातहतमा रहने गरी प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

**२०. खानेपानी गुणस्तर अनुगमन प्रणाली:** नगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद ५
## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

**२१. खानेपानी तथा सरसफाइ महसुल निर्धारण:** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**२२. महसुल तथा शुल्क लिन पाउने :** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे वापत उपभोक्ता संस्थालाई साधारण सभाले निर्धारण गरे बमोजिमका आधारमा र अनुमतिपत्र प्राप्त संस्थालाई जलस्रोत समितिले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।

(२) उपभोक्ताले खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ।

(३) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा

अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ।

२३. **मिनाहा वा छुट दिन सक्ने:** प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ।

२४. **असुल उपर गर्न सक्ने:** यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

२५. **खानेपानी सेवाको व्यवस्थापन:** (१) नगरपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी सेवा गराउनेछ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ।

(३) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

(४) उपभोक्ता समितिले व्यक्तिगत खानेपानी प्रणाली भएका घर परिवारमा मिटर जडान गरी दफा २३ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ।

(५) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ।

(७) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले नगरपालिकामा मर्मत सम्भारका लागि अनुरोध गरेमा नगरपालिकाबाट तत्काल प्राबिधिक टोली पठाई आवश्यक कार्य गर्नेछ।

(८) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धि अन्य कार्यबिधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ६

## पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

**२६. पूर्वाधारको निर्माण वर्गिकरण:** (१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गिकरण गर्नुपर्नेछ।

(क) ठुला आयोजना: ५०० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गिकरण गरिनेछ।

(ख) मझौला आयोजना: १०० देखि ५०० घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ।

(ग) साना आयोजना: १०० भन्दा कम घर परिवार लाभान्वीत भएको आयोजनालाई साना आयोजनामा वर्गिकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमका साना आयोजनाहरु निर्माणका लागि नगरपालिका आफै र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि बिस्तृत आयोजना प्रतिवेदन सहित संघ तथा प्रदेश सरकार र बिभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ।

(३) उपदफा (२) मा जे सुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन।

**२७. समुदायको योगदान सम्बन्धी व्यवस्था:** (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको १० प्रतिसत जनश्रमदान गर्नुपर्नेछ।

(क) गैर स्थानीय निर्माण समाग्री मोटर नआउने स्थानवाट ढुवानी,

(ख) स्थानीय सामाग्री संकलन तथा ढुवानी

(ग) पाईपलाईन खनाई तथा पुर्ने

(घ) अन्य अदक्ष कामदार सरहको कार्य

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वीत घर परिवारलाई श्रमको बिभाजन गरी श्रमदानका लागि परिचालन गर्नुपर्नेछ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धाहरु, दिर्घरोगीहरु आदि) ले भने श्रमदान गर्न पर्नेछैन।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन

खनाई, २५ मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ।

**२८. उपभोक्ता संस्थाको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने :** (१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, नगरपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन्।

## परिच्छेद ७
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**२९. अनुमतिपत्र लिनुपर्ने :** (१) यस नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम जलस्रोत समिति बाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्धारा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

(३) यस नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय

अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

**३०. जलस्रोत समितिः** (१) अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि नगरपालिकामा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने गरी एक नगर जलस्रोत समिति रहनेछ ।

(क) नगरपालिकाको प्रमुख – अध्यक्ष
(ख) नगरपालिकाको उप–प्रमुख – सदस्य
(ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ)नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक– सदस्य
(ङ) नगरपालिकाको खानेपानीसँग सम्बन्धीत विज्ञ वा प्राविधिक – सदस्य
(च)नगरपालिकाको प्राविधिक शाखा प्रमुख – सदस्य
(छ) खानेपानि तथा सरसफाई इकाइ प्रमुख – सदस्य सचिव

(२) समितिको बैठक आवश्यक्ता अनुसार समबन्धित वार्डको वडाध्यक्ष, कार्यपालिका सदस्त, वडा सदस्य, विषय विज्ञ, स्थानिय अगुवा तथा नगरपालिकाका अन्य कर्मचारीलाई समेत आमन्त्रण गर्न सकिने छ।

**३१. अनुमतिपत्र दिनुपर्ने :** (१) दफा ३८ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।
(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।
(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

**३२. अनुमतिपत्र प्रदान नगरिने :** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमपित्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन।

**३३. अनुमतिपत्र खारेज :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा नगरपालिकाको कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि सात (७) दिनको म्याद राखि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ :

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा नगरपालिकाको कार्यपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद ८
## बिबिध

**३४. कसुर र सजाय :** खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइसम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**३५. सूचना अभिलेख प्रणाली:** (१) नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सम्बन्धि तथ्यांक अध्यावधीका लागि सूचना प्रबिधिको प्रयोग गर्न सक्नेछ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यावधीका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ।

**३६. योजना निर्माण:** नगरपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थहरुसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

**३७. विवरण उपलब्ध गराउने :** (१) नगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा उपलब्ध गराउने छ :

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ।

**३८. पुरस्कार सम्बन्धी व्यवस्था:** खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

**३९. निर्देशन दिन सक्ने :** नगरपालिकाले उपभोक्ता संस्था वा अन्य सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**४०. अधिकार प्रत्यायोजन :** नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन्।

**४१. खानेपानी आयोजना र संरचनाको हस्तान्तण :** (१) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ।

(२) व्यावसायिक तथा व्यपारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ।

**४२.** नियम बनाउने सक्ने यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

**४३. बाधा अडकाउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै वाधा सिर्जना भएमा नगर सभा नबसुन्जेल सम्मको लागि बाधा अडकाउ फुकाउने अधिकार नगर कार्यापालिकालाई हुनेछ।

अनुसूची–१
(दफा ४ सँग सम्बन्धित)
**निवेदन पत्रको ढाँचा**

श्री ..................
.............. जलस्रोत समिति
बुद्धभूमि नगरपालिका, कपिलवस्तु ।

महोदय,

हामीले.............................................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले बुद्धभूमि नगरपालिकाको खानेपानि तथा सरसफाइ ऐन, २०७९ को दफा १४ को उपदफा २ बमोजिम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपैयाँ दस्तुर
सहित दरखास्त दिएका छौँ ।

विवरणः
१. उपभोक्ता संस्थाको नामः
२. कार्य क्षेत्रः
३. उद्देश्यहरूः
(क)
(ख)
(ग)
४. सदस्यहरूको नाम ठेगाना पेशा
(क)
(ख)
(च)
(छ)
५. उपयोग गरिने जलस्रोतको विवरणः
(क) जलस्रोतका नाम र रहेको ठाउँः
(ख) जलस्रोतबाट गरिने प्रयोगः
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः
(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पु¥याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पु¥याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूकोसंख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सहीः
नामः
पदः
ठेगानाः
मिति

अनुसूची–२
(दफा ४ को (२) सँग सम्बन्धित)
बुद्धभूमि नगरपालिका
हनुमानचोक बुड्डी ,कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

उपभोक्ता संस्था दर्ता प्रमाण पत्र

दर्ता मितिः
दर्ता नम्बरः
बुद्धभूमि नगरपालिका
हनुमानचोक बुड्डी ,कपिलवस्तु

..............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम)................... बुद्धभूमि नगरपालिकाको खानेपानि तथा सरसफाइ ऐन, २०७९ बमोजिम............. साल................... महिना................गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ। बुद्धभूमि नगरपालिकाको खानेपानि तथा सरसफाइ ऐन, २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला।

सहीः
नाम, थरः
पद

आज्ञाले
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत